सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय


गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४


## *कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु*

*मिति २०७७/१/१६ गते*

- गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद्को आज बसेको बैठकले प्रदेशमा कोभिड - १९ र स्वास्थ्य सेवा प्रवाह संग सम्बन्धित विभिन्न निर्णयहरु गरेको छ।
- निम्न आयोजनाहरु निर्माण गर्नका निम्ति शसर्त अनुदानका लागि नेपाल सरकारसंग अनुरोध गर्ने।
    - सरुवा तथा संक्रामक रोग नियन्त्रण अस्पताल निर्माण आयोजना।
    - प्रदेश स्तरीय शिक्षण अस्पताल निर्माण आयोजना।
- कोरोना भाइरस संक्रमित विरामीको प्रत्यक्ष उपचारमा संलग्न चिकित्सक, नर्स र अन्य सम्पूर्ण कर्मचारीलाई खाइपाई आएको शुरुको भत्ता बराबर शतप्रतिशत जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरेको छ।
- संक्रमित व्यक्तिको उपचारमा संलग्न व्यक्तिलाई रु ३० लाख बराबरको जीवन विमा सुविधा उपलब्ध गराउने र उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्ने निर्णय गरेको छ।
- गण्डकी प्रदेश स्वास्थ्य विमा संयोजन समिति गठन गरेको छ।
- गण्डकी प्रदेशका ११ वटा जिल्लामा सघन उपचार कक्ष (ICU WARD) निर्माण गर्नका लागि बजेटको व्यवस्था गरेको छ।



कोभिड - १९ डेडीकेटेड अस्पतालहरुको तयारी तथा Clinical Management मूल्यांकन सुदृढिकरण गर्न का लागि विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा तयार गरिएको Assessment Tool को अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयका नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखाका प्रमुख शम्भु ज्ञवालीज्यू,स्वास्थ्य निर्देशनालयबाट नवराज शर्मा र ऋषिराम पौडेल, विश्व स्वास्थ्य संगठनका डा राजीव लालचन र डा. रामु शर्माको उपस्थिति रहेको थियो।




लक्ष्मी बैंकमा कार्यरत कर्मचारीहरुले Laxmi Cares नामक संस्था मार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालालाई PPE र N95 मास्क प्रदान गरेको छ । हस्तान्तरण कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रयोगशालाका कन्सल्टेन्ट प्याथोलोजिस्ट डा. मोनी सुवेदीज्यू, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकज्यू, प्रयोगशाला व्यवस्थापन समितिका संयोजक डा. डुक बहादुर क्षेत्रिज्यू, प्रयोगशालाका प्राविधिक शंकर भण्डारी लगायत उपस्थित हुनुहुन्थ्यो।



गण्डकी प्रदेशका ११ वटै जिल्लाका आयुर्वेद स्वास्थ्य केन्द्रसंग स्वाथ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूले भिडियो कन्फ्रेन्समार्फत कोभिड - १९ सम्बन्धि क्रियाकलापहरुको बारेमा जानकारी लिंदै आवश्यक निर्देशन प्रदान गर्नुभएको छ। उहाँले सो क्रममा विशेष अनुदान स्वरूप प्रदान गरिएको रकमको खर्च र आगामी कार्ययोजनाको बारेमा जिज्ञासा राख्नु भएको थियो। उक्त बैठकमा स्वास्थ्य निर्देशनालयबाट निर्देशक डा. विनोद विन्दु शर्मा सहित व.क.नि. नवीन किरण भुसाल र निक साइमन्स इन्स्टिच्युटका सुरज श्रेष्ठ पनि उपस्थित हुनुहुन्थ्यो।






मनाङ र म्याग्दीमा कोभिड - १९ संकास्पद र संक्रमित व्यक्तिलाई ओसारपसार गर्ने एम्बुलेन्समा पार्टीसन गरिएको छ । एम्बुलेन्स चालकलाई सम्भावित संक्रमण नहोस भन्ने उद्देश्यले पार्टिसन गरिएको हो । गण्डकी प्रदेशका अन्य जिल्लाहरुमा समेत एम्बुलेन्स पार्टिसन गर्ने काम भैरहेको छ।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका शाखा अधिकृत, क्षय/कुष्ठ निरिक्षक तथा क्षेत्रिय क्षयरोग केन्द्रका प्रतिनिधिहरुले आज तनहुँ र लमजुङको समन्वयात्मक भ्रमण गर्नुभएको छ। कोभिड-१९ को समयमा क्षयरोगको जाँच तथा उपचारमा कुनै कठिनाई नहोस र क्षयरोगका बिरामीलाई औषधीको कमी नहोस भन्दै क्षयरोगको औषधी र प्रयोगशालाको रिएजेन्ट लमजुङ तनहुँ र गोरखामा पुरयाईएको हो। त्यसैगरी अस्पताल र स्वास्थ्य कार्यालयमा कोभिड १९ को एप र प्रतिवेदन तथा बजेट सम्बन्धि छलफल पनि सम्पन्न भयो।
गण्डकी प्रदेशमा क्षयरोगको उपचार औषधि तथा सामाग्रीहरु अवस्था समस्या तथा चुनौतीको बारेमा राष्ट्रिय क्षयरोग केन्द्र र सबै प्रदेशको जानकारी गर्न भिडियो कन्फ्रेन्स समेत सम्पन्न भएको छ।







स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा ज्यूले गण्डकी अंचल आयुर्वेद औषधालयको स्थलगत अवलोकन र निरिक्षण गर्नुभएको छ। सो क्रममा उहाँले आयुर्वेद सेवाका कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गर्न निर्देशन प्रदान गर्नुका साथै विशेष अनुदान स्वरूप प्रदान गरिएको रकमको कार्यप्रगति र आगामी कार्ययोजनाका बारेमा जानकारी लिनुभएको थियो।

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२